कालिमाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, सल्यान

कर्णाली प्रदेश, नेपाल ।

पत्र संख्याः २०८२/०८३ (प्रशासन) मितिः २०८२/०९/२४

चलानी नं.: ने.सं.- ११४६, पोहेलागा ५ विहिवार

विषयः स्तर वृद्धिको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना।

सूचना नं. ४४/२०८२/८३

**श्री गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा, वडा कार्यालय, स्वास्थ्य संस्थामा कार्यरत सम्बन्धित कर्मचारी सबै, कालिमाटी गाउँपालिका, सल्यान ।**

प्रस्तुत बिषयमा कर्णाली प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २६ तथा कर्णाली प्रदेशको स्थानीय सेवाको (गठन तथा सञ्चालन) नियमावली, २०८१ को नियम २९ बमोजिम यस गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा, वडा कार्यालय, स्वास्थ्य संस्थामा कार्यरत ऐ.ऐ. ऐन तथा नियमावली बमोजिम स्तरवृद्धिको लागि तोकिएको योग्यता पुगेका कर्मचारीहरुले तोकिए बमोजिमको आवेदन फारम भरी तपसिल अनुसारका आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवेदन पेश गर्नुहुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. हालको पदमा स्थायी नियुक्ति/बढुवा नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
२. स्तरवृद्धि हुने पदका लागि तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४. सरुवा तथा रमानाको प्रतिलिपि (सरुवा भई आएका कर्मचारीहरुका लागि),
५. समायोजन पत्रको प्रमाणित प्रतिलिपि (कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुका लागि),
६. हालसम्म विभागिय कारवाही नपरेको तथा प्रचलित कानून बमोजिम स्तर वृद्धिको लागि अयोग्य नरहेको स्वघोषणा,
७. ऐनले तोकेका अन्य आवश्यक कागजात ।

.............................

हर्क बहादुर वली

प्रमुख प्रशासकीय अधिकृत